बैठक संख्याः ७/२०७९/०८०

मितिः २०७९/०८/२२

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | | |
|---|---|---|---|---|
| | — | उपेन्द्र यादव | जस्वानि | |
| | — | गणेश वली | लेखा अधिकृत | |
| | — | प्रेम प्रसाद भट्टराई | अधिकृत छैटौं | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ७/०७९-८० मिति २०७९।०८।२२ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा | |
| २ | नवप्रवर्तनीय साझेदारी कोष आयोजना/कार्यक्रम छनौट सम्बन्धमा | |
| ३ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९ सम्बन्धमा | |
| ४ | खासस्व सूचना व्यवस्थापन प्रणाली प्रयोग मार्गदर्शन सम्बन्धमा | |
| ५ | सरसफाई रणनीतिक योजना कार्यान्वयन सम्बन्धमा | |
| ६ | विपद् राहत सहयोग सम्बन्धमा | |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा | |
| ८ | चिस्यान केन्द्र तथा कृषि उपज संकलन केन्द्र जग्गा छनौट सम्बन्धमा | |
| ९ | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| १० | प्रशासकीय भवन निर्माण प्रस्ताव सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०७९।०८।२२
पद : प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या ६ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा १९ वटा निर्णयहरुमध्ये ११ निर्णय नभएकोले निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने निश्कर्ष निकालियो ।

**निर्णय नं. २:**

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश मुकामः बुटवलद्वारा मिति २०७९।०८।१४ मा प्रकाशित अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गतको कार्यक्रम सञ्चालन गर्न नवप्रवर्तनीय साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम सम्पर्क व्यक्ति, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने समपूरक रकमको सुनिश्चितता, नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समितिको गठन अनुमोदन गरी तपसिल बमोजिमको कार्यक्रम/आयोजना सम्बन्धी अवधारणापत्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश समक्ष पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**तपसिलः**

| क.सं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | सफा र हरियालीः समृद्ध भूमे अभियान<br>(गुणस्तरीय जीवनशैली, स्वस्थ र सन्तुलित पर्यावरण, सामाजिक न्यायमा आधारित समाज र स्थानीय उत्पादन प्रवर्द्धन र आत्मनिर्भर, मानव पूँजी निर्माण र उपयोग, समावेशी, सन्तुलित र दिगो विकास र गुणस्तरीय भौतिक सुविधा) | |
| २ | उद्यमशिल प्रवर्द्धन कार्यक्रम (बेरोजगारमुक्त पालिका अभियान) | |
| ३ | डिजिटल भूमेः प्रविधिमा आधारित सेवाग्राहीमैत्री सेवा | |
| ४ | नमूना कृषि गाउँ निर्माण कार्यक्रम (Argo-Economic SMART Village) | |
| ५ | स्थानीय नवप्रवर्तन उद्यमशाला निर्माण | |

**नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समितिः**

१) गाउँपालिका अध्यक्षः — संयोजक
२) गाउँपालिका उपाध्यक्षः — सदस्य
३) विषयगत समितिका संयोजकहरुः — सदस्य
४) प्रमुख प्रशासकीय अधिकृतः — सदस्य
५) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुखः — सदस्य-सचिव

कार्यक्रम कार्यान्वयनका लागि सम्पर्क व्यक्तिः श्री प्रेम प्रसाद भट्टराई, अधिकृत छैटौं

**निर्णय नं. ३:**

ज्येष्ठ नागरिकहरुको अभिलेख व्यवस्थित गर्न तथा ज्येष्ठ नागरिकले राज्यबाट पाउने सुविधालाई सुनिश्चित गर्न भूमे गाउँपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सूचना व्यवस्थापन प्रणाली (WASH MIS) लाई समग्र खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्र (WASH sector) को प्रभावकारी योजना औजार (effective planning tool) को रुपमा



निर्णय प्रमाणित गर्नेको
हस्ताक्षरः
मितिः २०७९।०८।२२
पदः प्रमुख प्रशासकीय अधिकृत

प्रयोग गर्न भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS) प्रयोग मार्गदर्शन, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक कार्ययोजना, २०७४ कार्यान्वयनका लागि चालु आर्थिक वर्ष २०७९।०८० मा विनियोजित बजेटबाट अन्य निकाय तथा गैरसरकारी संघसंस्थासँग समेतको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम कार्यान्वयन सम्बन्धी शर्त तथा क्रियाकलाप तयार गर्न तपसिल बमोजिमको समिति गठन गरी अन्य वडा तथा निकायसँगको समन्वय र रायसमेतका आधारमा समितिको निर्णय बमोजिम प्रस्ताव आव्हान गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**तपसिल**

संयोजकः श्री टेक प्रसाद बुढा, संयोजक – सामाजिक विकास समिति

सदस्यः श्री संगम रोका, वडा अध्यक्ष

सदस्यः श्री भागिलाल दमाई, कार्यपालिका सदस्य

सदस्यः श्री फोमली बुढा, कार्यपालिका सदस्य

सदस्य-सचिवः श्री प्रेम प्रसाद भट्टराई, अधिकृत छैटौं

**निर्णय नं. ६:**

विभिन्न समयमा आएको विपद्का कारण तपसिल बमोजिमको विपद् राहत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियोः

**तपसिल**

| क्र. सं. | पीडितको नाम | वडा नं | क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|
| १ | शिर ब. रोका | १ | शिर बहादुर रोका र गृष्टी रोकाको २०७९।०८।१६ बिहान ८:३० बजे आगलागी हुँदा शिर बहादुर रोकाको घर पूर्ण रुपमा क्षति भएको र गृष्टी रोकाको घर आंशिक रुपमा क्षति भई शिर बहादुर रोकाको करिब ६७०००० र गृष्टी रोकाको करिब १२५००० बराबरको क्षति भएको | १५००० |
| २ | गृष्टी रोका | १ | | १०५०० |

**निर्णय नं. ७:**

प्रधामन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नियमित काममा लगाउनका लागि तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी दक्ष मिस्त्री तथा निर्माण सामग्री पालिकाको विनियोजित बजेटबाट साझेदारी गर्ने गरी तपसिलका आयोजना कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियोः

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | बेरोजगार संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | छरछरेपानी-गैरीगाउँ बिजौरी सडक र गैरीगाउँ-लाखरखोला सम्म सडकको नियमित मर्मत सम्भार, खाल्डाखुल्डी पुर्ने, नाला बनाउने | ९ | २ | |



निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षरः
मितिः २०७९।०८।२२
पदः प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | नाच्नेथला आर्यघाट तथा प्रतिक्षालय निर्माण | ३ | २५ | |
| ३ | वासुस्मृति नमूना आ.वि. फिल्ड निर्माण, क्याङ्सी | ३ | | |
| ४ | जनजागरण युवाक्लब खेलमैदान निर्माण, मोराबाङ | ३ | | |
| ५ | सिसाघारी सार्वजनिक शौचालय निर्माण | ३ | | |
| ६ | बाङ्गेलाखुरी वृक्षारोपण, सिमा | ३ | | |
| ७ | साकिम काँडा हुँदै विपालसम्म पदमार्ग/गोरेटो बाटो निर्माण | ४ | २१ | |
| ८ | घट्टेखोलादेखि दर्फसम्म पदमार्ग निर्माण | ४ | | |
| ९ | माटो खन्नेदेखि भल्डेबाङ सडक निर्माण | ५ | ९ | |
| १० | खाबाङबगरदेखि खाबाङगाउँ गोरेटो बाटो मर्मत निर्माण | २ | २ | |

**निर्णय नं. ८:**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चिस्यान केन्द्र र कृषि उपज संकलन केन्द्र निर्माणका लागि तपसिल बमोजिमको स्थान छनौट गरी निःशुल्क जग्गा प्राप्त हुने आधार प्राप्त भएपछि तत्काल खरिद कार्य अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियोः

**तपसिल**

| क्र.सं. | आयोजना | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र भवन निर्माण | | |
| २ | चिस्यान केन्द्र निर्माण | | |
| ३ | रष्टिक स्टोर निर्माण | २ र ७ मारिङ | |

**निर्णय नं. ९:**

गाउँपालिका अन्तर्गतका कार्यालय र सेवा प्रवाह सम्बन्धमा समीक्षा गर्दा एकीकृत घुम्ती सेवा र नियमित सेवालाई प्रभावकारीमा सञ्चालन गर्नुका साथै नाखे-सिमखोला सडक मर्मत गर्ने साथै विपद् जोखिममा रहेका स्थानहरुको लगत संकलन गरी तत्काल जोखिम न्यूनिकरणसम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १०:**

नियमित सेवा प्रवाहका लागि नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड बमोजिमको प्रशासकीय भवन यस गाउँपालिकामा हालसम्म निर्माण नभएकोले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम संघीय सरकार र स्थानीय तहको लागत सहभागितामा निर्माण हुने उक्त कार्यक्रममा यस गाउँपालिकाकोतर्फबाट कार्यविधिले तोके बमोजिमको लागत अनुमानको कम्तिमा चालीस प्रतिशत रकम यस गाउँपालिकाको बजेटबाट बेहोर्ने प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षरः
मितिः ०७९।०८।२२
पदः